नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
(.................................................... शाखा)

पत्र सङ्ख्या :-
चलानी नं. :-

टेलिफोन नं. 6630088
6634119
6630588
फ्याक्स नं. 6630797
नोटिसबोर्ड : १६१८०१६६२०७९७
www.moecdc.gov.np
सानोठिमी, भक्तपुर
मिति :

नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

मिति २०७८/०३/२५

**विषय : नयाँ पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री अनिवार्य रूपमा कार्यान्वयन गर्ने सम्बन्धमा**

**श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू सबै**

प्रस्तुत विषयमा समय सापेक्ष पाठ्यक्रम परिमार्जन र अद्यावधिक गर्ने मान्यताअनुरूप नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको कुरा सबैमा सर्वविदितै छ । पाठ्यक्रम विकास केन्द्रले क्रमशः नयाँ पाठ्यक्रम लागु गर्ने योजनाअनुसार शैक्षिक सत्र २०७८ मा कक्षा २, कक्षा ३, कक्षा ६ र कक्षा १२ मा लागु गर्न नयाँ पाठ्यपुस्तक विकास गरी प्रकाशन गरेको छ । त्यसै गरी निजी लेखक मुद्रक तथा प्रकाशकबाट तयार भएका पाठ्यसामग्रीहरूलाई मूल्याङ्कन गरी अनुमति समेत प्रदान गरिसकिएको छ । तसर्थ नयाँ पाठ्यक्रमअनुरूपका पाठ्यपुस्तक एवम् स्वीकृत पाठ्यसामग्रीहरू तोकिएको कक्षामा अनिवार्य रूपमा पठनपाठन गर्नुगराउनु सबै विद्यालयहरूको अनिवार्य दायित्व हो । यसै सन्दर्भमा पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिबाट उपत्यकाभित्र र काभ्रेपलाञ्चोक जिल्लामा अनुगमन गर्दा केही संस्थागत विद्यालयहरूमा अझै पनि पुरानै पाठ्यक्रमअनुसारका पाठ्यसामग्रीहरू नै पठनपाठन गराउने गरेको पाइएकाले सबै संस्थागत विद्यालयहरूलाई परिवर्तित नयाँ पाठ्यक्रमअनुसारका कक्षा २, कक्षा ३, कक्षा ६ र कक्षा १२ मा नयाँ पाठ्यपुस्तक एवम् पाठ्यसामग्रीहरू अनिवार्य रूपमा पठनपाठन गर्नुगराउनुहुन अनुरोध छ ।

..................
निर्देशक